# राजदेवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ७१ मिति : २०७९/१२/२३

## भाग-२

## राजदेवी नगरपालिका

# राजदेवी नगरपालिका
# मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०७९

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति २०७९।१२।२०

**प्रस्तावनाः**
भौतिक पुर्वाधार विकासको आधार हो । सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि सडक, सिंचाई भवन जस्ता पुर्वाधारहरुले महत्वपुर्ण भूमिका खेलेको हुन्छ । सर्वसुलभ, सिंचई, यातायातको पहूँच, ग्रामीण क्षेत्रसम्म पुऱ्याउने नगरपालिकाको लक्ष्य पनि हो । नगर क्षेत्रमा सडकहरुको टयाक् खन्ने कार्य बढ्दो छ र बनिसकेको सडकमा यातायात सूचारु गर्नको लागि तथा सुरक्षित र भरपर्दो यात्राको लागि सडक मर्मत गर्नु पर्ने जरुरी हुन्छ । स्थानीय स्तरमा सार्वजनिक सम्पत्तिमा भएको क्षति बाट स्थानीय जनताले भोग्नु परेका समस्याहरुलाई तत्काल समाधान गरी स्थानीय स्तरमा जनप्रतिनिधिहरुको उपस्थितिको अनुभूती गराई स्थानीय सम्पत्तिको उपयोग प्रभावकारी र दिगो बनाउन मर्मत संभार कोषको परिचालन गर्नुपर्ने भएकाले सो कोषलाई व्यवस्थित एवम् पारदर्शी रुपमा सञ्चालन गर्न तथा सडक, सिचाई, भवन जस्ता पुर्वाधारको मर्मतलाई व्यवस्थित र दिगो बनाउनको लागि मर्मत सम्भार कोष स्थापना गर्न वाञ्छनीय भएकोले,
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी राजदेवी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १

**१. संक्षिप्त नाम र प्रारंभ :**

क) यो निर्देशिकाको नाम "मर्मत संभार कोष संचालन निर्देशिका २०७९" रहने छ ।

ख) यो निर्देशिका तत्काल लागु हुनेछ ।

**२. परिभाषा :**

क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७९ लाई बुझाउनेछ ।

ख) "नगरपालिका" भन्नाले राजदेवी नगरपालिका बुझाँउने छ ।

ग) "स्थानीय तह " भन्नाले राजदेवी नगरपालिकालाई बुझाँउने छ ।

घ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल स्तरीय वा क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना संचालन गर्न बनेको संगठन भन्ने बुझाँउने छ ।

## परिच्छेद – २

### ३. व्यवस्थापन समिति

क) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले संञ्चालन गर्नका लागि देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ ।

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | अध्यक्ष |
| २ | पुर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ३ | वन, वातावरण तथा बिपद् व्यवस्थापन समितिको संयोजक | सदस्य |
| ४ | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ५ | नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट १ जना महिला सहित समितिले तोकेको २ जना | सदस्य |
| ६ | पुर्वाधार विकास शाखाको प्रमुख | सदस्य सचिव |

ख) समितिको बैठक कम्तिमा ६ महिनामा एक पटक बस्नेछ तर आवश्यक परेमा अध्यक्षको आदेशले जुनसुकै समयमा पनि बैठक बस्न सक्नेछ ।

ग) वैठक भत्ता नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

घ) वैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद – ३

### ४. कोष स्थापना :

मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) नगर सभाबाट विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरुबाट प्राप्त हुने रकम ।

ङ) नगरपालिका क्षेत्रभित्र संचालन हुने पुर्वाधार विकास सम्बन्धी योजनाहरुको भुक्तानी रकमको २%ले हुन आउने रकम ।

च) ऋणबाट प्राप्त हुने रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत संभार वापत प्राप्त हुने रकम ।

ज) विविध ।

### ५. कोष सञ्चालन

क) कोषको नाममा प्राप्त हुनाएकोअ रकम राजदेवी नगरपालिकाको नाममा मर्मत सम्भार कोष खाता खोली जम्मा गरिनेछ ।

ख)	कोषको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृत वा आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग)	कोषको आन्तरिक लेखा परिक्षण आन्तरिक लेखापरिक्षण शाखाले गर्नेछ ।

घ)	कोषको अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद – ४

### ६.	कोषको खर्च प्रणाली

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको पूर्वाधार बिकासको मर्मत संभारको नियमित, पटके र आकस्मिक मर्मत सम्भार सम्बन्धि कार्यमा मात्र खर्च गरिनेछ :

१)	सडक, कल्भर्ट, पूल, ढल आदीको मर्मत सम्भार सम्बन्धी कार्य ।

२)	सिचाई, खानेपानी, विद्युत, सार्वजनिक स्थलको मर्मत संम्भार सम्बन्धी कार्य ।

३)	विद्यालयको भौतिक पूर्वाधारत मर्मत सम्बन्धी कार्य ।

४)	सार्वजनिक निकायका भौतिक संचरना एंव भवनहरुको मर्मत संभार सम्बन्धी कार्य ।

### ७.	मर्मत सम्भार कार्यनितिः

यस कार्यविधि अनुसार मर्मत सम्भार कार्यलाई मितव्ययी, दिगो र समुदायको अपनत्व अभिवृद्धि गराउनका लागि देहाय कार्यनितिहरु अवलम्वन गरिने छ ।

क)	मर्मत सम्भार कार्य गर्दा स्थानीय निकायको श्रममूलक स्थानीय नेतृत्व तथा श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट गर्ने र हरित सडकको अवधारणा अवलम्वन गर्न प्रयास गर्ने ।

ख)	मर्मत सम्भार कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम विकेन्द्रित, श्रमप्रदान वा कामदारहरुलाई सोझै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा व्यक्तिलाई ठेक्का दिई गराउन सकिने छ ।

ग)	स्थानीय जनसमुदायको ज्ञान, सिप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

घ)	प्रत्येक वषव मर्मत सम्भारका कार्यहरु गर्दा सम्भाव्य बाढी, नदी कटान क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सुचारु गर्नुपर्ने जस्ता कुराहरुलाई बढी ध्यान दिई मर्मत सम्भार कार्यलाई सहज र सरल बनाउने ।

ङ)	सडक लगायतका पूर्वाधारहरुको निर्माण कार्य सम्पन्न भएपछी लाभान्वित जनसमुदायलाई मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने ।

च)	नियमित मर्मत सम्भारको कार्य सदैव चालु रहने छ । तर वर्षातको समयमा थप व्यबस्था गर्न सकिनेछ ।

छ)	आकस्मिक मर्मत सम्भारको हकमा आवश्यकता अनुसार गरिने छ ।

ज)	रोकथाममूलक मर्मत सम्भारका हकमा भने सम्भावित जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वपर्षभित्र कुनै समयमा पनि रोकथाममूलक मर्मत सम्भारको कार्य गरिने छ ।

८.	**मर्मत सम्भारको लागि छनौटको मापदण्डः**

उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट नियमित, पटके वा आवधिक मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनि माग भई आएका योजनाहरु र नगरपालिकाले आवश्यक ठानेका देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नु पर्नेछ ।

क)	सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरु ।

ख)	नगर यातायात गरुयोजना (MTMP) मा परेका सडकहरु ।

ग)	भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

घ)	लाभान्वित हुने जनसंख्या वा घरधूरीको आधारमा ।

ङ )	मर्मत सम्भारबाट हुने आर्थिक लाभको आधारमा ।

च)	सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यक्ताको आधारमा ।

छ)	दुई वा दुई भन्दा बढि स्थानीय तहलाई जोड्ने सडक, कृषि सडक, ग्रामिण सडक, पुल पुलेसा, कल्भर्ट, कुलो पैनी, बाँध आदी ।

९.	**मर्मत सम्भार कार्य गराउने व्यवस्था :**

नगर भित्र रहेका भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत संम्भार, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । नगरपालिका क्षेत्रभित्र रहेको भौतिक संरचनाहरुको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार र आकस्मिक मर्मत सम्भार प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद – ५

१०.	**संशोधन वा खारेजी :**

क)	मर्मत सम्भार कोष संचालन निदेर्शिका संशोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।

ख)	यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएकाको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

ग)	यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**